# नवराजपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## नवराजपुर, सिरहा

## मधेश प्रदेश, नेपाल

# नवराजपुर गाउँपालिकाको रोजगार रणनीति तर्जुमा २०८०

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल



Scanned with CamScanner

# नवराजपुर गाउँपालिका, नवराजपुर

## स्थानीय रोजगार रणनीति तर्जुमा

### कार्यकारी सारांश

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारण अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था बमोजिम स्थापित ७५३ वटै स्थानीय तहहरुको आर्थिक तथा संस्थागत शसक्तिकरणको लागि आ-आफ्नै आवश्यकता र मागको परिपूर्तिका आधारमा विभिन्न ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा योजनाहरु निर्माण गरी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रुपमा सञ्चालन गरिने विभिन्न विकास सम्बद्ध नीति, योजना बजेट तथा कार्यक्रमहरु लागु गरिरहेको वर्तमान परिपेक्ष्यमा यस गाउँपालिकाले गाउँ भित्र आर्थिक रुपले पछाडि परेका विपन्न, दिर्घरोगी, हिंसा पिडित, तथा बेच विखनमा परेका महिला, विपन्न तथा असहाय वालवालिका र न्यून आय भएका नागरिकहरुको लागि आर्थिक शसक्तिकरणका माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना गरी ऊनीहरुको गरिर्विपनलाई न्यूनिकरण गर्दै गुणस्तरिय जीवनयापनमा गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरेका प्रावधानहरुलाई आधार मानि यो नवराजपुर गाउँपालिका स्तरिय रोजगार रणनीती योजना २०८१ निर्माण गर्न लागिएको हो । यसै सर्न्दभमा गाउँ भित्र रहेका सरकारी, निजि सहकारी तथा गैरसरकारी संघ संस्थाहरुको संयुक्त लगानीबाट गाउँपालिकाको आन्तरिक अर्थतन्त्र मजबुत तथा रोजगारमूलक कार्यशैलीबाट निर्माण गरी आयआर्जन, रोजगारी र आन्तरिक उत्पादनमा अभिवृद्धि गर्नेगरी पालिकाको अर्थतन्त्रमा स्थायीत्व कायम गर्ने उद्देश्यले यो रणनीति योजना तर्जुमा गरी लागु गर्न गई रहेको सर्न्दभमा म अत्यन्तै खुसि छु।

यो पञ्चवर्षिय रोजगार रणनीती योजना २०८० देखी २०८५ तर्जुमा कार्यमा सहभागी भई योजना निर्माण कार्यमा सहयोग गर्नुहुने यस गाउँपालिकाका गाउँ पालिका उपाध्यक्ष श्री पुनम कुमारी यादव ज्यू, कार्यपालिकाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत श्री राजकिशोर साह रोजगार संयोजक श्री ललन कुमार यादव र तयार पार्न मोन्टेन मल्टीप्रपोज प्रा. लि. सुखीपुर परामर्श सहयोगमा बढो महेनतका साथ यो योजना तर्जुमा गरी लागु गर्ने कार्यमा सहज बनाई दिनु भएकोमा उहाँहरु प्रति हार्दिक कृतज्ञाता सहित धन्यवाद दिन चाहान्छु।

शिव उदगार यादव
गापा अध्यक्ष
नवराजपुर गाउँपालिका

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल



CS Scanned with CamScanner

## खण्ड १. रणनैतिक सन्दर्भ

### १. पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा ३३ मा प्रत्येक नेपालीलाई रोजगारीको हक हुनेछ भनी रोजगारीको हकको सुनिश्चित गरिएको छ भने धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भनी श्रम अभ्यासमा नागरिकहरुलाई उत्प्रेरित गरिएको छ। संविधानका विभिन्न धाराहरुमा श्रमिकहरुको हक श्रमको छनोट सामाजिक न्याय समावेशिता र उद्यशिलता अनुशासित र मर्यादित र सुरक्षित श्रम अधिकारमा आधारित रोजगारीको प्रवन्धआदिको व्यवस्था गरेको छ। संविधानकै धारा ५१ (ग) र (घ) मा राज्यका नीति अन्तर्गत समुन्नत आर्थिक विकास सम्बन्धी विभिन्न नीतिहरुको प्रवन्ध गरेको छ। संविधानको धारा १७ मा श्रम प्रतिको अवहेलना गर्न नहुने धारा १९ मा श्रम प्रतिको अवहेलना जातीय छुवाछुत एवम् लैंगिक आधारमा भेदभाव हुने सञ्चार गर्न नहुने धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने धारा ५० को उपधारा (२) ले सबै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य श्रमको सम्मान उद्यमशिलता अनुशासन मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरुको विकास गर्ने आदि श्रम र रोजगार सम्वन्धी सन्दर्भहरु उल्लेख गरिएको छ। सरकारले संविधानको व्यवस्थाको अलावा श्रम तथा रोजगारीलाई व्यवस्थित गर्नको लागि विभिन्न नीतिगत व्यवस्था समेत गरेको छ।

नेपाल सरकारले श्रम तथा रोजगारीलाई व्यवस्थित वनाउन ट्रेड युनियन ऐन २०४९ वैदेशिक रोजगार ऐन २०६४ श्रम ऐन २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ रोजगारी हक सम्बन्धी ऐन २०७५ जारी गरी कार्यान्वयनमा व्यवस्था छन्। गरीवि न्यूनीकरणसँग श्रम र रोजगारको बिषय अन्तरसम्वन्धित भएर आउँछ। सङ्घीय सरकारवाट जे जति श्रम र रोजगारसँग सम्वन्धित नीतिहरु निर्माण गरेकोछ ती नीतिहरु स्थानीयकरण नभए सम्म स्थानीय श्रम तथा रोजगार प्रवर्धनमा टेवा पुग्न सक्दैन।

### २.. रोजगार रणनीतिको आवश्यकता/औचित्य

नेपालमा स्थानीय तहमा श्रम व्यवस्थापन तथा रोजगार नीति तथा रणनीतिहरु प्रभावकारी नवन्दा र रोजगारलाई स्थानीयकरण गर्न नसक्दा हजारौ युवाहरु वैदेशिक रोजगारीमा पलायन भएका छन् भने दुर्गम क्षेत्रवाट शहरी क्षेत्रमा वसाई सरी जानेको संख्या वढ्दैछ। ग्रमिण क्षेत्रमा वस्नेहरु समेत रोजगारीको अभावमा दैनिक जीवनयापनमा कठिनाई भइरहेको छ। वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रको करिव २६ प्रतिशत योगदान त गरेको छ तर स्थानीय स्तरमा युवा पूँजी परिचालन नगर्नाले दिगो रोजगारी प्रवधर्न र स्थानीय पूँजीमा भने नकारात्मक असर पुगिरहेको छ। जसले गर्दा स्थानीय तहको आन्तरिक पूँजी निर्माण हुन सकेको छैन भने अर्को तिर गरीबी समेत घट्न सकेको छैन। स्थानीय स्तरमा श्रमको सम्मान र दीगो रोजगारी प्रवर्धन हुन नसक्दा सामाजिक प्रतिष्ठाकै लागि भए पनि मानिसहरु वैदेशिक रोजगारीको वाटो अवलम्वन गर्न वाध्य छन्। यसको अलावा युवाहरुलाई उपयुक्त रोजगारीमा संलग्न गराउन नसक्दा स्थानीय जनसांख्यिक लाभ समेत प्राप्त गर्न नसकेको हुनाले पनि नगरको आन्तरिक पूँजी निर्माणमा कठिनाई भइरहेको छ।

श्रम बाहिर रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरु सिर्जना गरी रोजगारी प्रदान गर्नु मुख्य भए तापनि स्थानीय तहले उपलब्ध गराएको रोजगारीमा उक्त व्यक्ति संलग्न हुन्छ कि हुन्न भन्ने शंका नै रहन्छ। श्रम शक्ति बाहिरको व्यक्ति रोजगारीमा संलग्न नहुने कारण उसमा भएको वित्तीय साक्षरतामा कमी भएकोले हो। यस नवराजपुर गाउँपालिकाको गरीबी न्यूनीकरण तथा नागरिकको सहज जीपन यापनका लागि स्थानीय व्यक्तिहरुलाई रोजगारीमा प्रवर्धन गर्नु त पहिलो



नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिराहा
मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

प्रथमिकता हो तर यतिले मात्र दीगो रोजगारी प्रवर्धन् हुन सक्दैन । यसको लागि उनीहरुको फजुल खर्च नियन्त्रण गर्दै बचतको बानी परिवर्तन गराई उपयुक्त क्षेत्रमा पुनर्लगानी गरी दीगो रोजगारी प्रवर्धन गर्नु अर्को मुख्य चुनौती हो । यसका लागि वीत्तिय साक्षरताको चेतना निरन्तर प्रवाह गरिरहनु आवश्यक हुन्छ।

नवराजपुर गाउँपालिकामा हाल सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना गरी न्यूनतम रोजगांरी प्रदान गर्न २ वटा आयोजना कार्यान्वयनमा छन् । यसका अलावा रोजगार तथा उद्यशिलताको प्रवर्धन गर्नको लागि शसर्त कार्यक्रमं अन्तर्गत कृषी तथा पशुपालन, महिलाहरुको क्षमता तथा सिप विकास कार्यक्रमहरु र गरीवि निवारणका लागि लघु उद्य विकास कार्यक्रमहरु समेत वार्षिक योजनामा समाविष्ट छन् । यसका अलावा आन्तरिक श्रोत परिचालनका साथ आन्तरीक रोजगार तथा दीगो रोजगारीका लागि उल्लेख्य क्रियाशिलता कमी नै छ।

### ३. अध्ययन पद्धति

यो रणनीति तर्जुमा गर्दा दुई किसिमको प्रश्नावली तयार गरी प्राथमिक र द्धीतिय सूचना सकलन गरी अध्ययन गरिएको थियो । यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तय गरेको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० अनुसूची २ अनुसार रोजगारदातासँग सम्बन्धित र अनुसूची ३ अनुसार स्थानीय सरोकारवालासँग सामाजिक आर्थिक एवं आगामी रणनीतिका लागि स्थानीय श्रोत साधन अवसर चुनौती तथा रोजगारका सम्भावना सम्वन्धी प्रश्नावली संकलन गरिएको थियो । यसका अलावा आर्थिक गणना, २०८०/०८१ बाट स्थानीय अवसरको तथ्यांक, आप्रवासन प्रतिवेदनबाट वैदेशिक रोजगारीको अवस्थाको बारेमा द्वितीय तथ्यांक अध्यन गरिएको थियो । बेरोजगार सूचना प्रणालीबाट आ व २०८०/०८१ का लागि सूचीकृत बेरोजगारहरुको तथ्यांक विश्लेषण गरिएको थियो । रणनीतिक योजना तयारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरी पञ्च बर्षिय रणनैतिक योजना, नेपालको पन्ध्रौ पञ्च बर्षिय योजना, दीगो विकास योजनाका सूचांकहरु, गाउँपालिकाले तय गरेको आवधिक योजना र नीति निर्देशिकाहरु अध्ययन गरिएको थियो ।

### ४. क्षेत्र

यस रणनीतिक योजना निर्माणको अध्ययनका क्षेत्रहरु देहाय वमोजिम छन :

- यस रणनीति लागू हुने भौगोलिक क्षेत्र नवराजपुर गाउँपालिका मात्रं भएको हुनाले सो भौगोलिक क्षेत्र भित्रको स्थिति अध्ययन गरिएको छ ।
- यसको लागि बिषय क्षेत्र विशेषतः स्थानीय रोजगारीको अवश्था, श्रोत, साधन र अवसर, वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका क्षेत्रहरु हुन् ।
- यो रणनीति भित्र समाविष्ट हुने क्रियाकलापहरु कार्यन्वयनको समय सीमा पाँच वर्षको भएको हुनाले सो अवधीमा गर्न सकिने क्रियाकलाप तय गरिएको छ ।



नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

**५. सीमा**

यस रणनीतिक योजना निर्माणको अध्ययनको सीमा विशेषतः स्थानीय रोजगारीको अवस्था, श्रोत, साधन र अवसर, वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका सीमाहरु हुन् ।

## खण्ड २. वर्तमान अवस्थाको विश्लेषण

यस नवराजपुर गाउँपालिकाको आवधिक योजना लगायत बार्षिक योजनाहरुमा समेत रोजगारी प्रबर्द्धन सम्बन्धी नीतिहरु तय गरिएकोछ । नवराजपुर गाउँपालिकाको श्रोत व्यवस्थापन तथा परिचालन कार्यविधीमा स्थानीय समूहको शसक्तिकरण, गरिबि न्यूनीकरणमा टेवा पुर्याउने किसिमका रोजगारीमूलक क्रियाकलापहरु सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ । यो स्थानीय रोजगार रणनीति तय गर्दा नवराजपुर गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐनलाई समेत सम्बोधन गरिएको छ ।

यस गाउँपालिकाको नीतिगत व्यवस्थाको अध्ययन स्थानीय रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ अन्तर्गतका संकलित तथ्यांक अध्ययन गर्दा स्थानीय रोजगार प्रबर्द्धनको सन्दर्भमा देहायको अवस्था देखिएको छ :

- यस क्षेत्रमा प्रवर्द्धन गर्न सकिने धैरै सम्भावनाका नगदे बालीको रुपमा दाल, आम, लिची , धान, गहु तथा दलहन बाली आदि रहेका छन् ।
- यस क्षेत्रमा पालिकाबाट  अन्य गन्तव्यमा निकट भविष्यमै यातायात पूर्वाधार बन्दै गरेको हुनाले व्यापारिक, व्यवसायिक तथा पर्यटन क्षेत्रको हब बन्न सक्ने सम्भावना छ । यस क्षेत्रमा पर्यटनको सम्भावना भए तापनि त्यसको लागि ठूलो लगानी आवश्यकता पर्ने देखिन्छ ।
- यो नवराजपुर गाउँपालिकाको भोगोलिक क्षेत्र तराई भुभाग भएको हुनाले जैविक तथा वातावरणीय विविधता छ । यस किसिमको विविधताको कारण रोजगारी तथा स्वरोजगारी व्यवस्थापनमा समेत विविधता कायम गर्नु आवस्यक देखिन्छ ।
- यस क्षेत्रमा रोजगार प्रदान गर्ने ठुला कलकारखाना तथा उद्योग धन्दा नभएको कारण औद्योगिक क्षेत्रमा रोजगारीको अवसर न्यून रहेको छ ।
- गाउँको एकीकृत रोजगारी प्रवर्द्धन कम प्राथमिकतामा पर्नको साथै लक्षित समुदायहरुमा औपचारिक रोजगार मात्र रोजगारी हो भन्ने बुझाई कायम रहेको छ ।
- यस क्षेत्रमा रोजगारीको अवसर एकदम न्युन रहेको हुदा बैदेशिक रोजगारीमा जानेको सख्यामा धैरै बढी रहेको छ ।

## खण्ड ३. रणनैतिक सवालहरु

यस नवराजपुर गाउँपालिकामा एकिकृत रोजगारी प्रवर्धन तथा दीगो रोजगारी प्रवर्धनको चर्चा गर्दा केही मुख्य सवालहरु छलफलको लागि उपयुक्त हुन सक्छ ।

पहिलो: रोजगारीका लागि सिप तथा क्षमता विकास

दोश्रो: स्थानीय स्तरमा रोजगारीको अवसर

Scanned with CamScanner

तेश्रोः एकिकृत रोजगारी प्रवर्धन र दीगो रोजगारी प्रवर्धन

चौथोः दीगो रोजगारी प्रवर्धनका लागि वित्तीय साक्षरता तथा चेतना अभिवृद्धि

पाँचौः समावेशिता र यसका अन्तरसम्बन्ध

छैठौः रोजगारी प्रवर्धनः तीन तहका सरकारको दायित्व

## खण्ड ४. दुरदृष्टी ध्येय र उद्देश्य

### दुरदृष्टी

दक्ष , सीपमुलक र प्रतिस्पर्धी श्रमशक्ति तयार गरी उत्पादनशील रोजगारीमा संलग्न गराई आय आर्जन जीविकोपार्जन र गरिबी तथा बेरोजगारी न्युनकिरणमा सहयोग गर्ने ।

### ध्येय

रोजगारका हरेक अवसरहरुमा स्थानीय सिप र क्षमता अभिवृद्धीको माध्यमबाट सम्मानजनक श्रमको उपयोग गरी दीगो पूँजी निर्माण गर्ने । साथै क्षमतावान र दक्ष जनशक्ति उत्पादनगरी श्रम बाजारको मांगलाई आपुर्ति गर्ने ।

### उद्देश्य

१. नवराजपुर गाउँपालिकाका भित्रका स्थानीय श्रोत, साधन र अवसरको प्रयोग गरी सरकारी, नीजि तथा सार्वजनिक निर्माणको क्षेत्रहरुमा स्थानीय बेरोजगार व्यक्तिलाई आन्तरिक रोजगारी, दीगो रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने ।

२. नवराजपुर गाउँपालिकामा श्रोतहरुलाई एकिकृत गरी गरीब र बेरोजगार केन्द्रित गरी तीनिहरुको सीप तथा क्षमता विकासको माध्यमवाट उत्पादकत्व वृद्धीगरी श्रमशक्तिको वजारीकरण गर्ने ।

३. उद्यशिलता विकास सँगै दीगो रोजगार र सामाजिक समावेशीकरण प्रवर्धन तथा लैगिक हिंसा न्यूनीकरणका लागि सचेतना अभिवृद्धी गर्ने ।

४. आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्वन्द सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने ।

५. वैदेशिक रोजगारलाई सुरक्षित व्यवस्थित मार्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने ।

६. श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांकहरुको संकलन, प्रशोधन, प्रकाशन र प्रसारण गर्ने ।

## खण्ड ५. रणनैतिक लक्ष्य

स्थानीय श्रोत र साधनको एकिकृत प्रयोग गरी दीगो रोजगारीका अवसरहरुको माध्यमवाट समुदायको आर्थिक तथा सामाजिक शसक्तिकरण गर्ने ।

Scanned with CamScanner

खण्ड ६. रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु

प्रमुख स्तम्भहरु

स्तम्भ नं १ः आन्तरिक रोजगारी प्रवर्धन

स्तम्भ नं २ः व्यवसायिक सिप, क्षमता र दक्षता अभिवृद्धी र बजारीकरण

स्तम्भ नं ३ः दीगो रोजगारीका लागि सामाजिक शसक्तिकरण

स्तम्भ नं ४ : बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित मार्यादित र सहज बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीककरण गर्ने।

स्थानीय स्तरमा दिगो रोजगारी प्रवर्द्धन मार्फत आर्थिक तथा सामाजिक शसक्तीकरण गर्नको लागि देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ :

| रणनीति | कार्यनिती |
| --- | --- |
| स्तम्भ नं. १:अन्तरिक रोजगारी प्रवर्धन | |
| १.१ आन्तरीक रोजगारीको प्रवर्धन गर्ने | • आन्तरिक रोजगारीको प्रवर्धन गर्ने।<br>• रोजगार सम्बद्ध तथ्यांकलाई एकिकृत गरिनेछ।<br>• सरकारी नीजि र सार्वजनीक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ।<br>• नगरपालिका भित्रका विषयगत क्षेत्रहरुमा रोजगारीका अवसर र सेवाको विश्लेषाण गरिनेछ।<br>• श्रम र रोजगारीलाई उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ।<br>• स्वरोजगार तथा उद्यशिलता प्रवर्धनका क्षेत्रहरुमा लागत साफेदारी गरिनेछ। |
| १.२ उत्पादनशील तथा दीगो रोजगारीको क्षेत्र विस्तर गर्ने | • स्थानीय श्रोतलाई व्यवशायीकरण गरी स्वोजगार प्रवर्धन गरिनेछ।<br>• स्थानीय श्रोतवाट उत्पादित वस्तुहरुको गुणस्तरीयता पूरा गर वजारीकरणमा सहयोग गरिनेछ। |
| बेरोजगारहरुका लागि न्यूनतम रोजगारीको प्रत्याभुती दिलाउने | • आशिक रोजगारीका क्षेत्रहरु पहिचान गरी न्यूनतम रोजगारीका लागि श्रमिक परिचालन गरिनेछ। |
| स्तम्भ नं. २ः व्यवसायिक सिप, क्षमता अभिवृद्धी रवजारीकरण | |

नगरपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

CS Scanned with CamScanner

| | |
|---|---|
| २.१ श्रमको उत्पादकत्व वृद्धि गर्ने। | • सिप विकास सम्बद्ध सेवा प्रदायक संस्था तथा दातृ निकायहरुको समन्वय र सहकर्यमा सिप तथा क्षमता अभिवृद्धी गरिनेछ।<br>• उद्यशीलता प्रवर्द्धनका लागि मेड मोडेलको अवलम्बन गर्ने। |
| २.२ सिपालु जनशक्तिको वजारीकरण गर्ने। | • परम्परागत सिपलाई कानूनी वैधताको लागि सहयोग गरिनेछ।<br>• सिपालु कामदारहरुलाई वाह्य बजारमा श्रम बजारमा बजारीकरण गरिनेछ। |
| २.३ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई भर पर्दो वनाउन आन्तरिक व्यवस्थापन गर्ने | • वैदेशिक रोजगारी जाने व्यक्तिहरु, रोजगारीको माग र आपूर्तीको व्यवस्था तय गरिनेछ।<br>• बैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सिप र दक्षता अभिवृद्धी गरी सहज गन्तव्यको लागि सहजीकरण गरिनेछ |
| **स्तम्भ नं. ३ : दीगो रोजगारका लागि सामाजिक शसक्तिकरण** | |
| ३.१ दीगो रोजगारका लागि सामाजिक सचेतना प्रदान गर्ने | • रोजगारका संलग्न व्यक्तिहरुलाई वीत्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुनर्लगानीलाई प्रभावकारी वनाइनेछ।<br>• रोजगारमा संलग्न व्यक्तिहरुको परिवारिक हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिनेछ। |
| **स्तम्भ नं. ४ : बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित मार्यादित र शोषण बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीककरण गर्ने।** | |
| ४.१: बैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित मार्यादित र सहज बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीककरण गर्ने। | • वैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई लक्षितगरी यसका अवसर, चुनौती र जोखिमहरुको बारेमा सचेतना अभिवृद्धि गरिनेछ।<br>• वैदेशिक रोजगारलाई सुरक्षित, मार्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण एवं परामर्श सेवा प्रदान गरिनेछ।<br>• वैदेशिक रोजगारीका क्रममा मृत्यु। अंगभंग, राहत, उद्धार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ।<br>• वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पुनःश्रम स्वीकृतिमा सहजीकरण गरिनेछ। |

माथि उल्लेखित स्तम्भ सम्बन्धी रणनीति, कार्यनीतिहरुका क्रियाकलापहरु समविष्ट गरी ५ वर्षे रणनीति तय गरिएको छ।

खण्ड ७.(क) पाँच वर्षको रणनैतिक कार्ययोजना

| क्र.स. | क्रियाकलाप | जिम्मेवारी निकाय वा शाखा | सहयोगी निकाय | समयावधी | प्रमाणपत्र अभिलेख | वजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीती १.१: रोजगार सम्बद्ध तथ्यांकलाई एकिकृत गरिनेछ।** | | | | | | | |
| १. | बेरोजगारको तथ्यांक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् वजेट | |
| २. | व्यवसाय तथा उद्यमीहरुको तथ्यांक संकलन र अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् वजेट | |
| ३. | वैदेशिक रोजगारमा गएका र फर्किएका व्यक्तिहरुको तथ्यांक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | रोजगार सेवा केन्द्रको अभिलेख | नन् वजेट | |
| ४. | रोजगारदाताहरुको तथ्यांक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् वजेट | |
| ५. | परम्परागत सिपालु कामदारको तथ्यांक संकलन | रोजगार सेवा केन्द्र | वडा कार्यालय | २०८०/८१ | E-MIS | नन् वजेट | |
| ६. | बाँझो जमिनको पहिचान र अभिलेखिकरण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | २०८०/८१ | अभिलेख | नन् वजेट | |
| **कार्यनीती २: सरकारी , निजि र सार्वजानिक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ।** | | | | | | | |
| १. | रोजगार सम्वाद मञ्च थठन र छलफल | रोजगार सेवा केन्द्र | | २०८०/८१ | माइन्यूट | | |
| २. | रोजगारदाता र निर्माण व्यवसायीहरुसँग छलफल | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्यूट | नन् वजेट | |
| ३. | निजि तथा सार्वजानिक क्षेत्रहरुमा रोजगारीका लागि श्रमिक सम्झौता | रोजगार सेवा केन्द्र | | आवधिक | सम्झौता पत्र | नन् वजेट | |
| ४. | रोजगारदाताहरुसँग नियमित भेटभाट | रोजगार सेवा केन्द्र | | निरन्तर | | नन् वजेट | |
| ५. | अन्तर तह, अन्तर निकायसँग रोजगारी प्रवर्धनका श्रोत र सहकार्यका लागि निरन्तर समन्वय | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्युट | | |

नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश, नेपाल

CS Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **कार्यनीती ३: गाउँपालिका भित्रहरुमा रोजगारीका अवसर र सिर्जनामा आवद्ध गरिनेछ।** | | | | | | | |
| १. | विषयगत क्षेत्रहरुको अर्धवार्षिक योजना तथा समिक्षा बैठक | रोजगार सेवा केन्द्र | प्रशासन शाखा | निरन्तर | माइन्युट | | |
| २. | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगारमूलक क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारमा आवद्ध | रोजगार सेवा केन्द्र | आर्थिक विकास शाखा | प्रत्येक वर्ष | लगानी प्रतिवेदन | | |
| ३. | स्थानीय रोजगार रणनीति कार्यन्वयन निर्देशक समितिको त्रैमासिक बैठक | रोजगार सेवा केन्द्र | | निरन्तर | माइन्युट | | |
| ४. | रोजगारमुलक योजना कार्यानवयनका लागि अनौपचारिक छलफल | रोजगार सेवा केन्द्र | | निरन्तर | | | |
| **कार्यनीती ४: श्रम र रोजगारीका क्षेत्रहरुमा उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ।** | | | | | | | |
| १. | कामका लागि पारिश्रमिकमा आधारीत आयोजना संचालन | रोजगार सेवा केन्द्र | रोजगार सेवा केन्द्र | प्रत्येक वर्ष | E-MIS | | |
| २. | स्थानीय उत्पादित वस्तुहरुको प्रदर्शनी | गाउँपालिका | रो.स..केन्द्र | प्रत्येक वर्ष | फोटो प्रतिवेदन | | |
| ३. | रोजगारी मेलाको आयोजना | गाउँपालिका | रो.स..केन्द्र | | फोटो प्रतिवेदन | | |
| **कार्यनीती ५: स्वरोजगार तथा उद्यमशिलता प्रवर्धन गर्ने** | | | | | | | |
| १. | बाँझो जमिनमा नगदे खेतीमा लागि जनशक्ति व्यवस्था | कृषि विकास शाखा | रो.स..केन्द्र | प्रत्येक वर्ष | प्रतिवेदन | नन् वजेट | |
| २. | उखु खेती विस्तार | कृषि विकास शाखा | रो.स..केन्द्र | २०८०/८१ र ०८१/८२ | प्रतिवेदन | | |
| ३. | माहुरी प्रवर्धन | कृषि विकास शाखा | रो.स..केन्द्र | २०८०/८१ र ०८१/८२ | प्रतिवेदन | | |
| ४. | अर्गानिक तरकारी खेती विस्तार | कृषि विकास शाखा | रो.स..केन्द्र | २०८०/८१ र ०८१/८२ | प्रतिवेदन | | |
| **सिप विकास समवद्ध सेवा प्रदायक संस्था तथा निकायहरुको समन्वय र सहकार्यमा सिप क्षमता अभिवृद्धी गरिनेछ।** | | | | | | | |
| १. | सिप प्राप्त गर्न इच्छुक व्यक्तिहरुको अवस्था र चाहना विश्लेष | रो.स.केन्द्र /उद्यम विकास शाखा | | २०८०/८१ | अभिलेख | नन् वजेट | |
| २. | सेवा प्रदायक संस्थाहरुसंग सिप विकास तालिमका लागि समन्वय | रो.स.केन्द्र /उद्यम | मेड्पा | निरन्तर | उपस्थिती | नन् वजेट | |



नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विकास शाखा | | | | | |
| ३. | इच्छुक उद्यमीहरुका लागि सिप विकास तालिम | रो.स.केन्द्र /उद्यम विकास शाखा | मेड्पा | निरन्तर | उपस्थिती | | |
| उद्यमशिलता प्रवर्धन गर्नका लागि मेड मोडेलको अवलम्वन गर्ने | | | | | | | |
| १. | उद्यमी बन्न चाहनेहरुका लागि रुची र अवस्था विश्लेषण | रो.स.केन्द्र /उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष पहिलौ चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| २. | उद्यमशिलता सचेतना तथा विकास ( TOPE,TOSE ) तालिम | रो.स.केन्द्र /उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष पहिलौ चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ३. | विगत देखि हाल सम्म सिप प्राप्त उद्यमीहरुको सिप अद्यावधिक तथा स्तरीयकरण ( TOEE;TOGEसमेत) | रो.स.केन्द्र /उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष दोस्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ४. | उद्यमीहरुको व्यवसायिक योजना निर्माणमा सहयोग | रो.स.केन्द्र /उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष पहिलौ | उपस्थिती, प्रतिवेदन | | |
| ५. | सीप प्राप्त व्यक्तिहरुलाई मांगमा अधारित प्रविधी तथा वीत्तिय सहयोग | गाउँपालिका | मेड्पा | प्रत्येक वर्ष तेस्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| ६. | स्थानीय उत्पादित वस्तुहरुको ब्राण्डिङ, प्याकेजिङ् गरी बजारीकरणमा सहयोग | गाउँपालिका | मेड्पा | प्रत्येक वर्ष तेस्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| परम्परागत सिपलाई कानुनी वैधता प्रदान गरी सिप प्रवर्धनका लागि सहयोग गरिनेछ। | | | | | | | |
| १. | परम्परागत सिपालु कामदारहरुलाईसिप एकिकृत गर्ने | रो.स.केन्द्र /उद्यम विकास शाखा | वडा कार्यालय | २०८०/८१ | माइन्यूट | | |
| २. | परम्परागत सिपालु कामदार ( जस्तै, डकर्मी, सिकर्मी, सिलाई कटाई गर्ने आदी )लाई सिप परीक्षणका लागि सहयोग | रो.स.केन्द्र /उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| ३. | परम्परागत सिप (बाँसबाट डोको, डालो,दाम्लीआदी, पातबाट दुना टपरी | रो.स.केन्द्र /उद्यम | वडा | निरन्तर | | | |



गोल्मी नगरपालिका कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आदी) तयारी गर्ने व्यक्तिहरुलाई सिप स्तरीकरण र प्रोत्साहन सहयोग | विकास शाखा | कार्यालय | | | | |
| ४. | परम्परागत सिप (बाँसबाट डोको, डालो,दाम्ला आदी, पातबाट दुना टपरी आदी) बाट उत्पादित सामग्रीहरु बजारीकरण गर्न स्थायी स्टल निर्माण | रो.स.केन्द्र / उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| सिपालु कामदारहरुलाई बाह्य बजारमा श्रम बजारमा बजारीकरण गरिने छ। | | | | | | | |
| १. | वैदेशिक रोजगारबाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सिपको परिक्षक खटाउने | रो.स.केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| २. | वैदेशिक रोजगारबाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सिपको परिक्षणको लागि सहजीकरण | रो.स.केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| ३. | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई नगर बाहिर समेत बजार खोजीका लागि सहजीकरण | रो.स.केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| वैदेशिक रोजगारी जाने व्यक्तिहरु, रोजगारीको मांग र आपूर्तीको व्यवस्था तय गरिनेछ। | | | | | | | |
| १. | वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई रोजगारी सम्वन्धी सुचना सम्प्रेषण | रो.स.केन्द्र | वडा कार्यालय | निरन्तर | E-MIS | | |
| २. | श्रम अडिटको व्यवस्था | रो.स.केन्द्र | | वार्षिक | प्रतिवेदन | | |
| वैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सिप र दक्षता अभिवृद्धीगरी सहज गन्तव्यको लागि सहजीकरण गरिने छ। | | | | | | | |
| १. | वैदेशिक रोजगार जान चाहनेहरुका लागि श्रम स्वीकृती र पुनःश्रम स्वीकृतीका लागि सहजीकरण | रो.स.केन्द्र | | निरन्तर | | | |
| २. | वैदेशिक रोजगार जान चाहनेहरुका लागि सुरक्षित गन्तव्यका लागि परामर्श सेवा | रो.स.केन्द्र | | निरन्तर | माइन्यूट | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **रोजगारमा संलग्न व्यक्तिहरुलाई वीत्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुर्नः लगानीहरुलाई प्रभावकारी बनाईनेछ।** | | | | | | | |
| १. | रोजगारमा संलग्न व्यक्ति तथा उद्यमीहरुलाई वीत्तिय साक्षरता कक्षा संचालन | रो.स.केन्द्र/मेड्पा | बैंक | वार्षिक | उपस्थिती विवरण | | |
| २. | अति विपन्न बेरोजगार व्यक्तिहरुका लागि दैनिक रुटिन तयारी र पृष्ठपोषण | रो.स.केन्द्र/मेड्पा | | निरन्तर | उपस्थिती विवरण | | |
| ३. | बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुसंग अनुभव अदान प्रदान | रो.स.केन्द्र/मेड्पा | | निरन्तर | उपस्थिती विवरण | | |
| ४. | घरधुरी तहमा गरिवी न्युनीकरणका सम्ब्न्धी व्यवहार पयिरवर्तनका लागि परामर्श | रो.स.केन्द्र/मेड्पा | शिक्षा शाखा | वार्षिक | उपस्थिती विवरण | | |
| ५. | रोजगार प्रवर्धन र यसका लागि स्थानीय स्रोतको उपयोग सम्बन्धि अभिमुखीकरण | रो.स.केन्द्र/मेड्पा | | | उपस्थिती विवरण | | |
| ६. | सहकारी मार्फत आय आर्जनमा प्रेरित हुन अभिमुखीकरण | सहकारी शाखा | रो.स.केन्द्र | वार्षिक | उपस्थिती विवरण | | |
| **रोजगारमा संलग्न व्यक्तिहरुको घरेलु हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिने छ।** | | | | | | | |
| १. | नयाँ रोजगार प्राप्त(विशेष गरी महिला) घरेलु हिंसा न्युनिकरण सम्बन्धी परामर्श तथा सचेता तालिम | रो.स.केन्द्र/महिला विकास शाखा | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |
| २. | महिला रोजगारीमा संलग्न भएको परिवारमा कार्य बोझ न्युनिकरण सम्बन्धी परामर्श अभिमुखीकरण | रो.स.केन्द्र/महिला विकास शाखा | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |
| ३. | परिवारिक उत्थान शिलता सम्बन्धी तालिम र परामर्श | रो.स.केन्द्र | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |



... नगरपालिकाको कार्यालय ...नगरपुर, सिरहा मधेश प्रदेश, नेपाल

## खण्ड ७.(ख)पाँच वर्षको लक्ष्य

| क्रियाकलाप | | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | कैफियत |
| १. | बेरोजगारको तथ्यांक संकलन र अद्यावधिक | १४५० | १४०० | १३५० | १३०० | १२५० | |
| २. | सरोकारदाता र निर्माण व्यवसायीहरुसंग छलफल | २ | २ | ३ | ३ | ४ | |
| ३. | नीजि तथा सार्वजानिक क्षेत्रमा रोजगारीका लागि श्रमिक सम्झौता | २ | २ | ३ | ३ | ४ | |
| ४. | विषयगत क्षेत्रहरुको अर्धवार्षिक योजना तथा समिक्षा बैठक | २ | २ | २ | २ | २ | |
| ५. | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगार मुलक कृयाकलापहरुलाई उत्पादनशील रोजगारीमा आवद्ध | १०० | १०० | १२० | १२० | १३० | |
| ६. | स्थानीय रोजगार रणनिति कार्यन्वयन निर्देशक समितिको त्रैमासिक बैठक | ४ | ४ | ४ | ४ | ४ | |
| ७. | कामका लागि पारिश्रमिकमा अधारित आयोजना संचालन | १५ | १८ | २० | २५ | २५ | |
| ८. | स्थानीय उत्पादनगरी प्रवर्धन गरिने वस्तुको संख्या | २ | ३ | ३ | ४ | ५ | |
| ९. | उधमीहरुसंग ५० प्रतिशत रागत साझेदारीमा अनुदान | ५० | ५० | ५० | ५० | ५० | |
| १०. | आंशिक रोजगारीमा संलग्न हुनेको संख्या | २०० | २३० | २५० | २८० | ३०० | |
| ११. | उखु खेती विस्तार | | | | | | |
| १२. | माहुरी पालन प्रवर्धन | | | | | | |
| १३. | अर्गानिक तरकारी खेती विस्तार | | | | | | |
| १४. | सिप मुलक तालिम प्राप्त गर्नेको संख्या | २०० | २५० | २०० | २५० | २५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | परम्परागत सिपबाट स्थानीय सामग्री उत्पादन गर्न संलग्न हुनेको उद्यमी संख्या | १० | १२ | १५ | १८ | २० | |
| १६. | परम्परागत सिपबाट स्थानीय सामग्री उत्पादन बजारीकरण/स्टल संख्या | २ | २ | ३ | ३ | ४ | |
| १७. | बैदेशिक रोजगारबाट फर्किएको सिपालु कामदारले स्थानीय स्तरमा सिप प्रयोग गरेको संख्या | ४ | ६ | ८ | १० | १२ | |
| १८. | श्रम स्वीकृती प्राप्त गरेर वैदेशिक रोजगारमा जानेको संख्या | ३५० | ३७५ | ३७५ | ३७५ | ३७५ | |
| १९. | अति विपन्न बेरोजगार व्यक्तिहरुको जिवनमा तुलनात्मक परिवर्तन हुनेको घरधुरी संख्या | ५ | २० | २० | २० | ३० | |
| २०. | घुरधुरी तहमा गरिवी न्युनिकरणका सम्बन्धी व्यवहार सुधार भएको परिवारको संख्या | ५ | २० | २० | २० | ३० | |
| २१. | परिवारीक उत्थान शिलता प्राप्त गर्ने घरधुरी संख्या | | ५ | ८ | १० | १५ | |

## खण्ड ८. श्रोत परिचालन र वजेट व्यवस्थापन

नवराजपुर गाउँपालिकाको रोजागर प्रवर्धन सम्वन्धी वार्षिक नीति, कार्यक्रम तर्जुमा गर्दा रणनीतिक योजनामा आधारीत भएर तर्जुमा गरिनेछ। रणनीतिक योजनाको कार्यान्वयन गर्दा गाउँपालिकामा प्राप्त विभिन्न अनुदान, शसर्त बजेट, गाउँपालिकाको आन्तरिक श्रोतको बिश्लेषण गरी योजना तय गरिनेछ। यो रणनीतिको कार्यान्वियन तथा बजेट व्यवस्थापनको लागि सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र विकास साझेदार लगायतका निकायसँग समन्वय तथा सहकार्य गरिनेछ।

## खण्ड ९. रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्यांकन सम्वन्धी व्यवस्था रणनीतिक योजनाको निर्देशक समिति

### रणनितिक योजनाको निर्देशक समिति

यो रणनीतिका क्रियाकलापहरु सहजीकरण, अनुगमन, मूल्याकन तथा पुनरावलोकन गर्नको लागि ११ सदस्यीय स्थानीय रणनीतिक योजना निर्देशक समिति रहनेछ। उक्त निर्देशक समिति नगर कार्यपालिकाको निर्णयवाट देहाय बमोजिम गठन हुनेछः

संयोजकः गापा अध्यक्ष

सदस्यः गापा उपाध्यक्ष

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः पूर्वाधार शाखा प्रमुख

सदस्यः उद्यम विकास शाखा प्रमुख

सदस्यः शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

सदस्यः योजना शाखा प्रमुख

सदस्यः उद्यम विकास समिति अन्तर्गतको कर्मचारी

सदस्यः संयोजकले तोकेका कम्तीममा १ जना महिला सहित २ जना कार्यपालिका सदस्य

सदस्य सचिवः रोजगार शाखा प्रमुख

### अनुगमन / मुल्यांकन

स्थानीय निर्देशक समितिले रणनिती कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँपालिका समक्ष पेश गरिने छ। अनुगमण प्रतिवेदनको अधारमा गाउँ कार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्वद्ध सरोकारबालाहरु संगको छलफल एवंम परामर्शमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएका सुधार गर्नुपर्ने पक्षहरु समेटिएका प्रतिवेदन गाउँ कार्यपालिकालाई पेश गर्नु पर्छ। रणनीती कार्यान्यिनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्वन्धमा स्थानीय निर्देशक समितिका राय परामर्शमा रणनीति कार्यान्वयन समितिले तेस्रो पक्षबाट रणनितिको मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकिनेछ।

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल



Scanned with CamScanner

## खण्ड १०. जोखिम व्यवस्थापन

यो स्थानीय रोजगार रणनीति कार्यन्वयनको लागि क्षमता, दक्षता तथा श्रोत साधन सम्वन्धी जोखिम सिर्जना हुन सक्छ । यस किसिमको जोखिम व्यवस्थापनको लागि स्थानीय रोजगार रणनीत कार्यान्वयन निर्देशक समितिले छलफल गरी पुनरावलोकन गर्नेछ ।

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल